# रास्कोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## आर.सि.पी,कालीकोट

# कार्बन आम्दानी उपयोग सम्बन्धी कार्यविधि, २०८३

(नगर कार्यपालिकाबाट मिति २०८३/०६/०८ मा स्वीकृत)

# रास्कोट नगरपालिका
# कार्बन आम्दानी उपयोग सम्बन्धी कार्यविधि, २०८३
## (नगर कार्यपालिकाबाट मिति २०८३/०६/०८ मा स्वीकृत)

**प्रस्तावना :**

रास्कोट नगरपालिकाको क्षेत्रभित्र सञ्चालनमा रहेका कार्बन उत्सर्जन न्यूनीकरण तथा वातावरण संरक्षण सम्बन्धी आयोजना तथा कार्यक्रम मार्फत कार्बन व्यापार प्रक्रियामा सहभागी भई प्राप्त हुने कार्बन आम्दानीलाई स्थानीय स्तरमा कार्बन आयोजनाको दिगो तथा प्रभावकारी सञ्चालन, लक्षित तथा प्रभावित वर्गको उत्थानशीलता अभिवृद्धि, वातावरण संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका कार्यमा उपयोग गरी वातावरण तथा जलवायुमैत्री दिगो विकासका लक्ष्य हासिल गर्न वाञ्छनीय भएकाले,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ को उपदफा (४) र (५) मा स्थानीय सञ्चित कोषसम्बन्धी व्यवस्था तथा दफा १०२ ले दिएको स्थानीय कानून बनाउने अधिकारको प्रयोग गरी रास्कोट नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "कार्बन आम्दानी उपयोग सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि रास्कोट नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्बन" भन्नाले पृथ्वीको सतहको तापक्रम वृद्धि गर्न सघाउ गर्ने कार्बनडाइअक्साइड, मिथेन र नाइट्रस अक्साइड सम्झनुपर्छ र सो शब्दले अन्य हरितगृह ग्यासलाई समेत जनाउँछ।

(ख) "उत्सर्जन न्यूनीकरण" भन्नाले हरितगृह ग्यासको उत्सर्जन घटाउने वा वायुमण्डलमा भएको कार्बन अवशोषण बढाउने प्रक्रिया वा क्रियाकलाप सम्झनुपर्छ।

(ग) "कार्बन क्रेडिट" भन्नाले हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण भएको परिमाणलाई मापन गर्ने एकाइ सम्झनुपर्छ र सो शब्दले प्रत्येक कार्बन क्रेडिट बराबर एक टन कार्बनडाइअक्साइड वा सो बराबरको अन्य हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण भएको परिमाणलाई समेत जनाउँछ।

धर्मराज शाही
नगर प्रमुख

धर्मराज शाही
नगर प्रमुख

(घ) "कार्बन व्यापार" भन्नाले प्रचलित नेपाल कानून तथा यस कार्यविधि बमोजिम पेरिस सम्झौता अन्तर्गतको कार्बन क्रेडिटिङ संयन्त्र वा स्वैच्छिक कार्बन बजारमा कार्बन क्रेडिटको खरिद-बिक्री गर्ने कार्य सम्झनुपर्छ।

(ङ) "आयोजना दस्तावेज" भन्नाले कार्बन व्यापारमा सहभागी हुन चाहने निकायले प्रचलित कानून तथा कार्बन व्यापारसम्बन्धी संयन्त्र बमोजिम स्वीकृतिका लागि तयार गरेको विस्तृत आयोजना दस्तावेज सम्झनुपर्छ।

(च) "कार्बन खरिद-बिक्री सम्झौता" भन्नाले कार्बन क्रेडिट खरिद-बिक्रीका लागि खरिदकर्ता तथा बिक्रेताबीच भएको सम्झौता सम्झनुपर्छ।

(छ) "कार्बन आम्दानी" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको कार्बन व्यापारबाट प्राप्त हुने आम्दानी सम्झनुपर्छ।

(ज) "कार्यविधि" भन्नाले "कार्बन आम्दानी उपयोग सम्बन्धी कार्यविधि, २०८३" सम्झनुपर्छ।

(झ) "नगरपालिका" भन्नाले रास्कोट नगरपालिका, कालिकोट सम्झनुपर्छ।

(ञ) "नगर कार्यपालिका" भन्नाले रास्कोट नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ट) "सम्बन्धित निकाय" भन्नाले कार्बन व्यापार, कार्बन क्रेडिट, वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी विषयमा प्रचलित कानून बमोजिम अधिकारप्राप्त संघीय, प्रदेश वा स्थानीय तहको निकाय सम्झनुपर्छ।

(ठ) "आयोजना" भन्नाले कार्बन उत्सर्जन न्यूनीकरण, कार्बन अवशोषण वृद्धि वा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनसँग सम्बन्धित र कार्बन क्रेडिट प्राप्त गर्न सकिने आयोजना, कार्यक्रम वा क्रियाकलाप सम्झनुपर्छ।

(ड) "लक्षित तथा प्रभावित वर्ग" भन्नाले कार्बन आयोजना सञ्चालनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित हुने तथा आयोजना सञ्चालनबाट प्राप्त लाभमा प्राथमिकताका साथ सहभागी गराउनुपर्ने स्थानीय समुदाय, विपन्न वर्ग, महिला, दलित, आदिवासी जनजाति, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्ग सम्झनुपर्छ।

धर्मराज शाही
नगर प्रमुख

## परिच्छेद-२
## कार्बन आम्दानीको प्राप्ति, बाँडफाँट तथा उपयोग

**३. कार्बन आम्दानीको प्राप्तिः**

(१) रास्कोट नगरपालिकाले विकास गरेका तथा रास्कोट नगरपालिकाको क्षेत्रभित्र सञ्चालनमा रहेका कार्बन आयोजनाबाट उत्पादन तथा प्राप्त भएका कार्बन क्रेडिटको बिक्रीबाट कार्बन आम्दानी प्राप्त हुनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने कार्बन आम्दानी प्रचलित कानून, सम्बन्धित कार्बन व्यापारसम्बन्धी सम्झौता तथा स्वीकृत आयोजना दस्तावेज बमोजिम प्राप्त र व्यवस्थापन गरिनेछ।

**४. कार्बन आम्दानीको बाँडफाँट तथा उपयोगः**

(१) सम्बन्धित कार्बन आयोजनाको कार्बन खरिद-बिक्री सम्झौता बमोजिम बिक्री भएको कार्बन क्रेडिटको परिमाण तथा बिक्रीदरका आधारमा प्राप्त हुने कार्बन आम्दानीमध्ये सम्बन्धित संयन्त्र वा निकायलाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने शुल्क, दस्तुर वा अन्य रकम भुक्तानी गरी बाँकी रहने रकमको बाँडफाँट तथा उपयोगका सम्बन्धमा नगरपालिकाले सम्बन्धित आयोजना सञ्चालकसँग आवश्यक सम्झौता गर्न सक्नेछ।

(२) रास्कोट नगरपालिका आफैं आयोजना सञ्चालक भएको अवस्थामा प्रचलित नेपाल कानून बमोजिम कार्बन आयोजनाको सञ्चालन तथा कार्बन क्रेडिटको खरिद-बिक्रीसम्बन्धी सम्झौता गरी कार्बन क्रेडिट बिक्री गर्न सक्नेछ।

(३) नगरपालिकाले उपदफा (१) वा (२) बमोजिम कार्बन व्यापारबाट प्राप्त लाभको अधिकतम चालीस प्रतिशत रकम जुन आयोजना वा कार्यक्रममार्फत त्यस्तो आम्दानी प्राप्त भएको हो, सोही आयोजना वा कार्यक्रमको नियमित, प्रभावकारी तथा दिगो सञ्चालन सुनिश्चित गर्न देहायका कार्यमा खर्च गर्नुपर्नेछः-

(क) आयोजना तथा कार्यक्रमको मर्मत-सम्भार तथा आवश्यक प्रविधिको प्रतिस्थापन,

(ख) सामाजिक परिचालन तथा समुदायको सहभागिता अभिवृद्धि,

(ग) प्राविधिक सेवा तथा प्राविधिक सहयोग,

(घ) कार्बन आयोजना व्यवस्थापन समितिको बैठक तथा व्यवस्थापनसम्बन्धी कार्य,

(ङ) अभिलेख व्यवस्थापन तथा प्रतिवेदन प्रणालीको सुदृढीकरण,

(च) सम्बन्धित व्यक्ति तथा समुदायको क्षमता अभिवृद्धि,

(छ) आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन, र

(ज) कार्बन आयोजनामा संलग्न समुदाय तथा घरधुरीलाई उनीहरूको योगदान तथा सहभागिताका आधारमा प्रत्यक्ष लाभ पुग्ने वातावरण तथा जलवायुमैत्री कार्यक्रम।

धर्मराज शाही
नगर प्रमुख

(४) उपदफा (३) बमोजिम रकम विनियोजन गरेपछि बाँकी रहने कार्बन व्यापारबाट प्राप्त लाभको रकम कार्बन व्यापार तथा जलवायु वित्तसम्बन्धी क्षेत्रका आयोजना तथा कार्यक्रमको विकास, विस्तार तथा स्तरोन्नतिका लागि देहायका क्षेत्रमा खर्च गर्नुपर्नेछः-

(क) स्वच्छ ऊर्जा प्रविधि (सुधारिएको चुलो, ऊर्जा–किफायती विद्युतीय चुलो, सौर्य ऊर्जा, गोबरग्यास, पानीघट्ट, लघु जलविद्युत् आदि) को प्रवर्द्धन, निरन्तर तथा प्रभावकारी उपयोगका लागि मर्मत–सम्भार, प्राविधिक सहयोग तथा सामाजिक परिचालन,

(ख) फोहरमैलाको वातावरणमैत्री तथा दिगो व्यवस्थापन, प्रशोधन तथा फोहरबाट ऊर्जा उत्पादन गर्ने प्रविधिको विकास तथा प्रवर्द्धन,

(ग) कृषि वन, नर्सरी, हरित पार्क, बगैंचा तथा हरियाली प्रवर्द्धन,

(घ) विद्युतीय वा स्वच्छ ऊर्जामा आधारित स्थानीय यातायात प्रणालीको प्रवर्द्धन,

(ङ) जलवायुमैत्री कृषि प्रणाली (शून्य तथा सुधारिएको जोताइ, कृषि वन, प्राङ्गारिक खेती आदि), जलवायु उत्थानशील जीविकोपार्जन तथा वातावरणमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम,

(च) ऊर्जा, जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा वातावरणसम्बन्धी स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन,

(छ) जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनसम्बन्धी कार्यक्रम,

(ज) स्थानीय समुदायको वातावरणीय तथा जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने कार्यक्रम, र

(झ) प्रचलित कानून बमोजिम कार्बन व्यापार तथा जलवायु वित्तसँग सम्बन्धित अन्य वातावरणमैत्री कार्यक्रम।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि चालु कार्बन आयोजनाको निरन्तरताका लागि आवश्यक प्रविधि एकैपटक प्रतिस्थापन गर्नुपर्ने अवस्था देखिएमा नगरपालिकाले कार्बन व्यापारबाट प्राप्त लाभको कूल रकम प्रविधि प्रतिस्थापनमा लक्षित गरी खर्च गर्न सक्नेछ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्बन व्यापारबाट प्राप्त लाभको रकम कार्बन उत्सर्जन बढाउने, वातावरणमा प्रतिकूल असर पार्ने वा जलवायु परिवर्तनको जोखिम बढाउने कार्यमा खर्च गर्न पाइने छैन।

**५. योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेः**

(१) नगरपालिकाले वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाको नियमित प्रक्रियाबाट आवश्यकता पहिचान तथा प्राथमिकीकरण गरी कार्बन व्यापारबाट प्राप्त आम्दानीको उपयोगका लागि यस कार्यविधि बमोजिम आवश्यक कार्यक्रम तथा आयोजना तय गरी बजेट विनियोजन गर्नुपर्नेछ।

धर्मराज शाही
नगर प्रमुख

(२) उपदफा (१) बमोजिम कार्यक्रम तथा बजेट तर्जुमा गर्दा सम्बन्धित कार्बन आयोजना, स्थानीय समुदाय, प्रभावित तथा लक्षित वर्गको सहभागिता र आवश्यकतालाई प्राथमिकता दिनुपर्नेछ।

(३) कार्बन आम्दानीबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको छनोट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रचलित कानून तथा स्वीकृत वार्षिक नीति, कार्यक्रम र बजेट बमोजिम हुनेछ।

## परिच्छेद-३

## विविध

६. **खाता सञ्चालन र लेखा व्यवस्थापन:** (१) कार्बन व्यापारबाट प्राप्त आम्दानीको प्राप्ति र वितरणको अलग र व्यवस्थित लेखा राख्नु पर्नेछ । खाता सञ्चालनका सन्दर्भमा नगरपालिकाले नेपाल सरकारको प्रचलित नियमानुसार नै स्थानीय संचित कोष अन्तर्गत खाता व्यवस्थापन गर्न सक्नेछ ।

७. **कार्बन आयोजना व्यवस्थापन समिति:** (१) यो कार्यविधि बमोजिम कार्बन व्यापारमा समन्वय तथा नगरपालिकामा प्राप्त आम्दानी उपयोगका लागि रास्कोट नगरपालिकामा देहाय बमोजिम एक कार्बन आयोजना व्यवस्थापन समिति रहनेछ,

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | संयोजक |
| (ख) नगरपालिका उप-प्रमुख | उप-संयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) कार्यक्रम लागु भएका वडाका वडा अध्यक्ष/प्रतिनिधि बढिमा ३ जना | सदस्य |
| (ङ) लाभग्राही प्रतिनिधि (कम्तिमा २ जना महिला, पिछडिएको क्षेत्र, जनजाती तथा दलितको प्रतिनिधित्व हुने गरी) ३ जना | सदस्य |
| (च) नगरपालिका स्तरीय बालबालिका, किशोरकिशोरी तथा युवा सञ्जाल प्रतिनिधि १ जना | सदस्य |
| (छ) वातावरण तथा जलवायु परिवर्तनसँग सम्बन्धित बिषय विज्ञ वा कार्यक्रमका सहयोगी संस्थाका प्रतिनिधि १ जना | सदस्य |
| (ज) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख १ जना | सदस्य |
| (झ) वन वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| (झ) वातावरण तथा विपद हेर्ने शाखाका प्रमुख | सदस्य सचिव |

२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

धर्मराज शाही
नगर प्रमुख

(क) कार्बन व्यापारका लागि सम्बन्धित संघीय, प्रदेश तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने,

(ख) कार्बन व्यापारबाट नगरपालिकामा आम्दानी प्राप्तिका लागि आवश्यक समन्वय गर्ने तथा कार्बन आयोजना सञ्चालन र कार्बन क्रेडिट बिक्रीसम्बन्धी आवश्यक सम्झौता गर्न सिफारिस गर्ने,

(ग) यस कार्यविधि तथा स्थानीय योजना तर्जुमा प्रक्रियाबाट प्राप्त आवश्यकता र मागका आधारमा कार्बन व्यापारबाट प्राप्त आम्दानीको विनियोजनसम्बन्धी प्रस्ताव तयार गरी नगर कार्यपालिकामा पेश गर्ने,

(घ) स्थानीय सरोकारवाला, समुदाय तथा सम्बन्धित पक्षको जलवायु परिवर्तन तथा कार्बन व्यापारसम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने,

(ङ) नगरपालिकामा कार्यान्वयन भएका कार्बन आयोजनाको वर्षमा कम्तीमा दुई पटक अनुगमन गर्ने,

(च) कार्बन आयोजनाको समग्र सञ्चालनमा वातावरण तथा विपद् व्यवस्थापनसम्बन्धी शाखालाई आवश्यक सहजीकरण तथा समन्वय गर्ने,

(छ) कार्बन आयोजना तथा कार्बन आम्दानीको प्राप्ति, बाँडफाँट, विनियोजन र उपयोगसम्बन्धी समग्र अभिलेख व्यवस्थापन तथा लेखापरीक्षणको आवश्यक व्यवस्था सुनिश्चित गर्ने,

(ज) कार्बन व्यापारसम्बन्धी असल अभ्यास तथा अनुकरणीय कार्यको पहिचान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने तथा भविष्यमा सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्ने,

(झ) कार्बन आयोजनाको दिगोपना, पारदर्शिता, जवाफदेहिता तथा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न आवश्यक कार्य गर्ने,

(ञ) कार्बन व्यापार तथा कार्बन आम्दानीको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक अन्य कार्य गर्ने।

(३) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ। आवश्यकतानुसार संयोजकले थप बैठक बोलाउन सक्नेछ।

(४) वातावरण तथा विपद् व्यवस्थापन हेर्ने शाखाले यस कार्यविधि बमोजिम गर्नुपर्ने नियमित कार्य, समन्वय तथा कार्बन आयोजना र कार्बन आम्दानीसम्बन्धी अभिलेख व्यवस्थापन गर्नेछ।

**८. लेखापरीक्षणः**

(१) नगरपालिकाबाट सञ्चालन हुने अन्य कार्यक्रम तथा आयोजनाको लेखापरीक्षण भएसरह कार्बन आयोजनाबाट प्राप्त आम्दानी तथा सोको उपयोगसम्बन्धी कार्यको समेत प्रचलित कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

(२) कार्बन आम्दानीको प्राप्ति, बाँडफाँट, विनियोजन तथा खर्चसम्बन्धी सम्पूर्ण आर्थिक कारोबार नगरपालिकाको प्रचलित लेखा प्रणालीमा समावेश गरी लेखापरीक्षणका लागि आवश्यक कागजात तथा अभिलेख सुरक्षित राख्नुपर्नेछ।

(३) कार्बन आम्दानीबाट सञ्चालन भएका आयोजना तथा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति विवरण सम्बन्धित निकायले माग गरेमा उपलब्ध गराउनुपर्नेछ।

**९. अनुगमन तथा मूल्याङ्कनः**

(१) नगरपालिकाले कार्बन आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ।

(२) कार्बन आयोजनाबाट प्राप्त आम्दानी विनियोजन गरी सञ्चालन भएका आयोजना तथा कार्यक्रमको व्यवस्थित अभिलेख राखी नगरपालिकाबाट सञ्चालन हुने अन्य आयोजना तथा कार्यक्रमसरह नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ।

(३) नगरपालिकामा विद्यमान अनुगमन संयन्त्रका अतिरिक्त यस कार्यविधिको दफा ७ को उपदफा (१) बमोजिम गठित समितिले तोकेको प्रतिनिधिमार्फत समेत आवश्यकतानुसार कार्बन आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ।

(४) कार्बन व्यापारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता र प्रचलन बमोजिम स्वतन्त्र निकाय, सहयोगी संघ–संस्था तथा संघीय वा प्रदेशस्तरीय कार्यालयबाट गरिने मापन, प्रतिवेदन तथा प्रमाणीकरण (Measurement, Reporting and Verification–MRV) सम्बन्धी कार्यमा नगरपालिकाले आवश्यक सहयोग तथा समन्वय गर्नुपर्नेछ।

(५) कार्बन आयोजना विकास, अनुगमन, मूल्याङ्कन तथा स्वीकृतिका लागि नगरपालिकासँग सम्बन्धित साझेदार निकायलाई आवश्यक पर्ने नगरपालिकास्तरमा उपलब्ध तथ्याङ्क, विवरण तथा प्रमाणित कागजात उपलब्ध गराउन नगरपालिकाले आवश्यक सहयोग गर्नुपर्नेछ।

(६) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त निष्कर्षका आधारमा कार्बन आयोजनाको प्रभावकारिता, दिगोपना, वातावरणीय तथा सामाजिक लाभ अभिवृद्धि गर्न आवश्यक सुधारात्मक कार्य गर्नुपर्नेछ।

धर्मराज शाही
नगर प्रमुख

## परिच्छेद-४

## प्रगति समीक्षा, प्रतिवेदन तथा विविध

**१०. प्रगति समीक्षा तथा प्रतिवेदनः**

(१) नगरपालिकाले नगर क्षेत्रमा सञ्चालनमा रहेका कार्बन व्यापारसम्बन्धी आयोजना तथा कार्बन व्यापारबाट प्राप्त आम्दानी यस कार्यविधि बमोजिम विनियोजन गरी सञ्चालन भएका आयोजना तथा कार्यक्रमको प्रगति, उपलब्धि, प्रभावकारिता, दिगोपना तथा खर्चको अवस्थासमेत समेटी नगरपालिकाबाट सञ्चालन हुने अन्य आयोजना तथा कार्यक्रमसरह आवधिक रूपमा प्रगति समीक्षा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रगति समीक्षा गर्दा देहायका विषयलाई आधार लिनुपर्नेछः—

(क) कार्बन आयोजनाको भौतिक तथा वित्तीय प्रगति,

(ख) कार्बन क्रेडिट उत्पादन तथा बिक्रीको अवस्था,

(ग) कार्बन व्यापारबाट प्राप्त आम्दानीको अवस्था,

(घ) प्राप्त आम्दानीको बाँडफाँट तथा विनियोजनको अवस्था,

(ङ) स्वीकृत कार्यक्रम तथा आयोजनामा भएको खर्चको विवरण,

(च) कार्बन आयोजनाबाट भएको कार्बन उत्सर्जन न्यूनीकरण वा कार्बन अवशोषणको अवस्था,

(छ) वातावरणीय तथा जलवायुजन्य लाभको अवस्था,

(ज) स्थानीय समुदाय, लक्षित तथा प्रभावित वर्गले प्राप्त गरेको लाभ तथा सहभागिताको अवस्था,

(झ) आयोजना सञ्चालनमा देखिएका समस्या, चुनौती तथा जोखिम,

(ञ) आयोजना तथा कार्यक्रमको दिगोपना तथा निरन्तरताको अवस्था, र

(ट) आगामी कार्यका लागि आवश्यक सुधार तथा सुझाव।

(३) नगरपालिकाले उपदफा (१) बमोजिमको प्रगति समीक्षा कम्तीमा वर्षमा एक पटक गर्नुपर्नेछ। आवश्यकता अनुसार सम्बन्धित कार्बन आयोजना तथा कार्यक्रमको त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रूपमा समेत प्रगति समीक्षा गर्न सकिनेछ।

धर्मराज शाही
नगर प्रमुख

(४) कार्बन आयोजना तथा कार्बन आम्दानीबाट सञ्चालन भएका आयोजना तथा कार्यक्रमको प्रगति समीक्षा गर्दा सम्बन्धित शाखा, आयोजना सञ्चालक, स्थानीय समुदाय, लाभग्राही तथा अन्य सरोकारवालाको आवश्यक सहभागिता गराउन सकिनेछ।

(५) प्रगति समीक्षा पश्चात् प्राप्त निष्कर्ष, उपलब्धि, सिकाइ, समस्या तथा चुनौती समेटी सम्बन्धित शाखाले वार्षिक प्रगति प्रतिवेदन तयार गरी कार्बन आम्दानी व्यवस्थापन तथा समन्वय समितिमार्फत नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा नगर कार्यपालिकाले आवश्यक निर्देशन, सुधारात्मक कार्य तथा आगामी कार्यक्रमका सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ।

(७) कार्बन व्यापारबाट प्राप्त आम्दानीको प्राप्ति, बाँडफाँट, विनियोजन, खर्च, उपलब्धि तथा आयोजनाको प्रगति सम्बन्धी विवरण नगरपालिकाले प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, वेबसाइट, सूचना पाटी वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्न सक्नेछ।

(८) कार्बन आयोजनाको प्रगति प्रतिवेदन तथा अभिलेख तयार गर्दा कार्बन क्रेडिटको उत्पादन, बिक्री, बिक्रीदर, खरिदकर्ता, सम्झौता, प्राप्त आम्दानी तथा आम्दानी उपयोगसम्बन्धी आवश्यक विवरणसमेत समावेश गर्नुपर्नेछ।

(९) उपदफा (१) बमोजिमको समीक्षा तथा प्रतिवेदनबाट प्राप्त उपलब्धि, सिकाइ तथा अनुभवका आधारमा नगरपालिकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम, योजना तथा बजेट तर्जुमा गर्दा आवश्यक सुधार, समायोजन तथा प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

(१०) कार्बन आयोजनाको कार्यान्वयनबाट अपेक्षित परिणाम प्राप्त नभएको वा वातावरणीय, सामाजिक वा आर्थिक जोखिम देखिएको अवस्थामा नगरपालिकाले सम्बन्धित आयोजना सञ्चालकलाई आवश्यक सुधारका लागि निर्देशन दिन सक्नेछ।

**११. विविधः**

(१) नगरपालिकाले कार्बन आयोजना विकास, सञ्चालन, व्यवस्थापन, कार्बन क्रेडिटको प्रमाणीकरण तथा बिक्री, कार्बन आम्दानीको व्यवस्थापन र उपयोग सम्बन्धी कार्य गर्दा संघ तथा प्रदेशमा रहेका सम्बन्धित मन्त्रालय, विभाग, निकाय, स्थानीय समुदाय, विकास साझेदार तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी कार्य गर्नेछ।

(२) कार्बन आयोजना सञ्चालन तथा कार्बन व्यापार गर्दा प्रचलित संघीय तथा प्रदेश कानून, स्वीकृत आयोजना दस्तावेज, सम्बन्धित कार्बन मापदण्ड तथा कार्बन खरिद–बिक्री सम्झौतामा उल्लेख भएका शर्त तथा व्यवस्थाको पालना गर्नुपर्नेछ।

धर्मराज शाही
नगर प्रमुख

(३) कार्बन आयोजना सञ्चालन गर्दा स्थानीय समुदायको सहभागिता, लाभको न्यायोचित वितरण, वातावरणीय संरक्षण, सामाजिक समावेशिता, लैङ्गिक समानता तथा लक्षित र प्रभावित वर्गको हितलाई यथासम्भव सुनिश्चित गर्नुपर्नेछ।

(४) कार्बन व्यापारबाट प्राप्त आम्दानीको उपयोग गर्दा दोहोरो वित्तीय लाभ वा दोहोरो गणना हुने अवस्था सिर्जना हुन नदिने गरी सम्बन्धित आयोजना, कार्बन क्रेडिट तथा आम्दानीको अभिलेख व्यवस्थित रूपमा राख्नुपर्नेछ।

(५) कार्बन आयोजनासँग सम्बन्धित सम्झौता, कार्बन क्रेडिटको उत्पादन तथा बिक्री, आम्दानी प्राप्ति, खर्च तथा प्रगति सम्बन्धी कागजात सुरक्षित रूपमा अभिलेख राख्नुपर्नेछ।

(६) यस कार्यविधि बमोजिम कार्बन आम्दानी उपयोग गर्दा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानून, स्थानीय तहको बजेट तथा लेखा प्रणाली र अन्य प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

(७) यस कार्यविधिसँग सम्बन्धित नेपाल सरकार वा प्रदेश सरकारका प्रचलित ऐन, नियम, नियमावली, कार्यविधि, निर्देशिका वा अन्य कानूनी व्यवस्थामा संशोधन भई यस कार्यविधिमा गरिएको व्यवस्थाभन्दा फरक व्यवस्था भएमा सोही बमोजिम हुने गरी नगर कार्यपालिकाले आवश्यक संशोधन, परिमार्जन वा अनुकूलन गर्नुपर्नेछ।

(८) यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै विषयमा द्विविधा, अस्पष्टता वा व्यावहारिक कठिनाइ उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा वा कठिनाइको निराकरण गर्न सक्नेछ।

(९) यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानून र रास्कोट नगरपालिकाबाट जारी भएका सम्बन्धित कानून तथा कार्यविधि बमोजिम हुनेछ।

**१२. कार्यविधिमा संशोधनः**

(१) यस कार्यविधिको कार्यान्वयनबाट प्राप्त अनुभव, कार्बन व्यापारको विकासक्रम, प्रचलित कानूनमा भएको परिवर्तन तथा नगरपालिकाको आवश्यकता समेतका आधारमा नगर कार्यपालिकाले आवश्यकतानुसार यस कार्यविधिमा संशोधन वा परिमार्जन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यविधि संशोधन गर्न आवश्यक देखिएमा सम्बन्धित शाखा वा कार्बन आम्दानी व्यवस्थापन तथा समन्वय समितिले संशोधन गर्नुपर्ने विषय, कारण तथा प्रस्तावित व्यवस्थासहित नगर कार्यपालिकामा प्रस्ताव पेश गर्न सक्नेछ।

धर्मराज शाही
नगर प्रमुख

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्तावउपर आवश्यक छलफल गरी नगर कार्यपालिकाले संशोधन गर्ने निर्णय गर्न सक्नेछ।

(४) यस कार्यविधिमा गरिएको संशोधन नगरपालिकाको राजपत्रमा प्रकाशन गर्नुपर्ने अवस्था भएमा प्रचलित कानून बमोजिम प्रकाशन गरेपछि लागू हुनेछ।

(५) यस कार्यविधिको कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो व्यवस्था स्वतः अमान्य भई प्रचलित कानून बमोजिम हुनेछ।